MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

# एमसिए-नेपाल समाचारपत्र

अङ्क ६ २०७९ साल माघ - चैत

## विषय सूची


- कार्यक्रमहरू ३
- विद्युत् प्रसारण आयोजना ६
- सडक मर्मत आयोजना १४
- एमसीसी नेपाल कम्प्याक्ट तथ्यहरू १५
- सामुदायिक आवाज १६


अद्यावधिक जानकारीका लागि

# एमसिए-नेपालद्वारा राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा प्रगति विवरण प्रस्तुत



*राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिका अध्यक्ष माननीय श्रीमती दिलकुमारी रावल थापा (पार्वती) २०७९ साल चैत ५ गते एमसिए-नेपालको प्रगतिका सन्दर्भमा आयोजना गरिएको छलफल कार्यक्रमको सभापतित्व गर्नुहुँदै ।*

एमसिए-नेपालले राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा २०७९ साल चैत ५ गते एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गत सञ्चालन भइरहेका आयोजनाहरूको प्रगति विवरण प्रस्तुत गरेको छ ।

बैठकमा अर्थ मन्त्रालयका राजस्व सचिव श्री रामप्रसाद घिमिरेले एमसिए-नेपाल अन्तर्गतका आयोजना राष्ट्रिय हित र राष्ट्रिय चासोसँग सम्बन्धित विषयवस्तु भएको उल्लेख गर्दै ती आयोजना समयसीमाभित्रै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

उक्त समितिलाई आयोजनाका योजना तथा प्रगतिबारे जानकारी गराउँदै एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर बिष्टले विद्युत् प्रसारण आयोजनाका लागि कार्यक्षेत्रमा पहुँच प्राप्त गर्नका लागि भइरहेका तयारी कार्यहरूमाथि प्रकाश पार्नुभयो । नुवाकोटमा रातमाटे विद्युत् सबस्टेशनका लागि सम्पन्न भएको जग्गा प्राप्ति एवं जारी रहेको जीविकोपार्जन पुनःस्थापना कार्यक्रम, प्रसारण लाइन तथा सबस्टेशन निर्माणका लागि प्रमुख बोलपत्र आह्वानहरूको प्रकाशन तथा छ वटा जिल्लामा प्रसारण लाइनका लागि जग्गा प्राप्तिका लागि भइरहेका पहल लगायतका महत्वपूर्ण अद्यावधिक जानकारीहरू एमसिए-नेपालले उक्त बैठकमा प्रस्तुत गरेको थियो ।

श्री बिष्टले १० वटा जिल्लामा क्षतिपूर्ति निर्धारण समिति गठन गरिने र उक्त समितिले मुआब्जा दर निर्धारण, विकास समितिको नाममा जग्गा नामसारी, प्रसारण लाइनको भोगाधिकार क्षेत्र निर्धारण तथा मुआब्जा वितरण जस्ता कार्यहरू गर्ने जानकारी समितिलाई गराउनुभएको थियो ।

आगामी भदौमा एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रम कार्यान्वयन चरणमा प्रवेश हुनु अगाडि नै लागत, क्षमता र गुणस्तरीयतामा आधारित अन्तरराष्ट्रिय प्रतिस्पर्द्धाका माध्यमबाट प्रसारण लाइन तथा सबस्टेशन निर्माणका लागि निर्माण व्यवसायी छनोट गरिने जानकारी पनि उक्त संसदीय समितिलाई गराइएको थियो ।





*राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिद्वारा २०७९ साल चैत ५ गते एमसिए-नेपालको प्रगतिका सन्दर्भमा आयोजना गरिएको छलफल कार्यक्रममा अर्थ मन्त्रालयका राजस्व सचिव डा. रामप्रसाद घिमिरे तथा सह-सचिव श्री आनन्द काफ्लेको समुपस्थितिमा प्रगति विवरण प्रस्तुत गर्नुहुँदै एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट ।*

बैठकमा समितिका सदस्यहरूले आयोजनाहरूको प्रगति सन्तोषजनक भएको पाइएको बताउँदै निर्धारित समयसीमाभित्र अपेक्षित लक्ष्य हासिल गर्ने प्रतिबद्धतासहित काम अगाडि बढाउन सुझाव दिनुभएको थियो ।

बैठकको अन्त्यमा समितिका अध्यक्ष माननीय श्रीमती दिलकुमारी रावल थापा (पार्वती)ले अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई सम्बन्धित पक्षहरूसँग समन्वय गरी आयोजना कार्यान्वयनका साथै जग्गा प्राप्ति, वन क्षेत्रको प्रयोग तथा भोगाधिकारका सन्दर्भमा देखिएका समस्याहरूको अनुगमनका लागि समितिले निर्देशन दिएको जानकारी गराउनुभएको थियो ।

उक्त बैठकले नेपालमा सञ्चालित एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रम कार्यान्वयनमा गएको पाँच वर्षभित्र सम्पन्न गर्नुपर्ने र सो अवधिभित्र सम्पन्न नहुन नसकेमा उक्त कार्यक्रमको सम्पूर्ण दायित्व नेपाल सरकारले व्यहोर्नुपर्ने विषयमा नेपाल सरकारलाई ध्यानाकर्षण गराउने निर्णय गरेको थियो ।

यसैगरी आयोजनालाई तोकिएको समयमै सम्पन्न गर्न आयोजनामा देखिएका जग्गा प्राप्ति, वन क्षेत्रको जग्गाको उपयोग, जग्गाको भोगाधिकारको मुआब्जा, जग्गाको मार्गमा देखिएका समस्या सरोकारवाला निकाय र पक्षसँग समन्वय गरी समाधान गर्दै आयोजनाको कार्यान्वयन र अनुगमन गर्न अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र एमसिए-नेपाललाई निर्देशन दिने निर्णय पनि उक्त कार्यक्रममा गरिएको थियो ।

समितिले बैठकका क्रममा एमसिए-नेपालको सञ्चालक समितिलाई समावेशी बनाउन पनि निर्देशन दिएको छ ।

## तीन वटा सबस्टेशन निर्माणका लागि बोलपत्र आह्वान

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत तीन वटा सबस्टेशन निर्माणका लागि २०८० साल असार १५ गतेको समयसीमा सहित बोलपत्र आह्वान गरेको छ ।

एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रम अन्तर्गत नुवाकोट जिल्लाको रातमाटे, तनहुँ जिल्लाको दमौली र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको भुमहीमा ४०० केभी क्षमताका सबस्टेशन निर्माणका लागि इच्छुक निर्माण व्यवसायीहरूबाट बोलपत्र आह्वान गर्दै २०७९ साल चैत १० गते खरिदसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको थियो ।

छनोट प्रक्रियाबाट छानिएका कम्पनीलाई सबस्टेशनको डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नतासम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी दिइनेछ ।

एमसीसी कार्यक्रम खरिद मार्गनिर्देशिकामा निर्धारण गरिएको गुणस्तर तथा मूल्यसम्बधी मापदण्डमा आधारित छनोट प्रक्रियाका आधारमा सञ्चालन गरिने बोलपत्र छनोट प्रक्रियामा सम्पूर्ण योग्य निर्माण व्यवसायीहरू सहभागी हुन पाउँछन् ।

बोलपत्रसम्बन्धी सम्पूर्ण कागजपत्र इच्छुक योग्य निर्माण कम्पनीहरूले MCANepalPA@mcanp.org लाई बोधार्थ दिई MCANepalPA@dt-global.com मा अनुरोध गरेर प्राप्त गर्न सक्छन् ।

# कार्यक्रमहरू

## प्रसारण लाइन निर्माणका लागि इच्छुक निर्माण व्यवसायीहरूका लागि स्थलगत भ्रमण

एमसिए-नेपालले एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गत प्रस्ताव गरिएको ३१५ किमि लामो विद्युत् प्रसारण लाइन निर्माण कार्यका लागि इच्छुक तथा सम्भावित निर्माण व्यवसायीहरूका लागि २०७९ साल पुस २६ गतेदेखि माघ १ गतेसम्म स्थलगत भ्रमण आयोजना गऱ्यो ।

विद्युत् प्रसारण आयोजना सञ्चालन गरिने आठ वटा जिल्लामा गराइएको उक्त स्थलगत भ्रमणमा ११ वटा कम्पनीका करिब २० जना प्रतिनिधिको सहभागिता रहेको थियो ।

सहभागीहरूले उक्त आयोजना कार्यान्वयन गरिने धादिङ्ग, नुवाकोट, चितवन, मकवानपुर, पाल्पा, तनहुँ, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका विभिन्न स्थानको अवलोकन गर्नुभएको थियो ।

सहभागी निर्माण संस्थाका प्रतिनिधिहरूबाट राखिएका प्रश्नहरूको सम्बोधन एमसिए-नेपाल टोलीबाट गरिएको थियो ।



*एमसिए-नेपालको टोलि निर्माण व्यवसायी कम्पनीका प्रतिनिधिहरूलाई २०७९ साल पुस २७ गते धादिङ्ग जिल्लाको खरामटारमा प्रसारण लाइन जाने मार्गमा पर्ने स्थानहरू अवलोकन गराउँदै ।*

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत ३१५ किमि लामो ४०० केभी प्रसारण लाइनको डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नताका लागि सम्पूर्ण इच्छुकयोग्य निर्माण व्यवसायीहरूलाई बोलपत्र हाल्नका लागि आह्वान गर्दै २०७९ साल मङ्सिर १२ गते खरिदसम्बन्धी सूचना प्रकाशित गरेको थियो ।

बोलपत्र हाल्ने अन्तिम मिति २०७९ साल चैत १३ गते तोकिएको थियो ।



*एमसिए-नेपालको टोलि निर्माण व्यवसायी कम्पनीका प्रतिनिधिहरूलाई २०७९ साल पुस २६ गते नुवाकोट जिल्लाको लिखुमा प्रसारण लाइन जाने मार्गमा पर्ने स्थानहरू अवलोकन गराउँदै ।*



*एमसिए-नेपालको टोलि निर्माण व्यवसायी कम्पनीका प्रतिनिधिहरूलाई २०७९ साल पुस २७ गते धादिङ्ग जिल्लाको गजुरीमा प्रसारण लाइन जाने मार्गमा पर्ने स्थानहरू अवलोकन गराउँदै ।*

# प्रसारण लाइन निर्माण व्यवसायीहरूसँग छलफल कार्यक्रम

एमसिए-नेपालले एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गत ३१५ किमि लामो विद्युत् प्रसारण लाइन निर्माणका लागि सम्भावित निर्माण व्यवसायीहरूसँग २०७९ साल माघ ५ गते एक छलफल कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रम विद्युत् प्रसारण लाइनको डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नताका लागि आह्वान गरिएको बोलपत्र दाखिलासम्बन्धी महत्वपूर्ण प्रावधानहरू र खरिद प्रक्रियाका क्रममा पालना गरिनुपर्ने अन्य मुख्य पक्षहरूमा केन्द्रित रहेको थियो ।

छलफल कार्यक्रममा एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्टले एमसिए-नेपाल र एमसीसीबीचको भिन्नताबारे प्रष्ट्याउनुका साथै एमसिए-नेपालको सङ्गठन संरचना एवं आयोजनाको वर्तमान स्थितिबारे चर्चा गर्नुभएको थियो ।

एमसिए-नेपालका परामर्शदाता डीटी ग्लोबल नेपालका खरिद एजेण्ट व्यवस्थापक श्री लुइस भिल्लाल्टाले सहभागीहरूलाई स्वागत गर्दै समयसीमा तथा खरिद प्रक्रिया, सिद्धान्त र मार्गनिर्देशिकासम्बन्धी जानकारी प्रस्तुत गर्नुभएको थियो ।

एमसिए-नेपालका प्रसारण लाइन आयोजना व्यवस्थापक श्री डीपी साहुले विद्युत् प्रसारण लाइन निर्माणसम्बन्धी बोलपत्र प्रक्रियामा सहभागिताका लागि पूरा गर्नुपर्ने प्राविधिक प्रक्रियाबारे जानकारी गराउनुभएको थियो ।

आयोजना कार्यान्वयनका क्रममा पालना गरिनुपर्ने एमसीसी वातावरणीय मार्गनिर्देशिका, अन्तरराष्ट्रिय वित्त निगमका कार्यसम्पादन मापदण्ड, वातावरणीय प्रभाव मूल्याङ्कन एवं वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन, वातावरणीय, सामाजिक, स्वास्थ्य एवं सुरक्षा व्यवस्थापन योजना तथा सामाजिक एवं लैङ्गिक समावेशीकरण योजना जस्ता विभिन्न विषयवस्तुबारे पनि सहभागीहरूलाई जानकारी गराइएको थियो ।

उक्त कार्यक्रममा विभिन्न निर्माण कम्पनीका २६ जना प्रतिनिधि प्रत्यक्ष सहभागी हुनुभएको थियो भने ४५ जनाले अनलाइनमार्फत सहभागिता जनाउनुभएको थियो ।



*एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट २०७९ साल माघ ५ गते आयोजना गरिएको छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।*



*एमसिए-नेपालका प्रसारण लाइन आयोजना व्यवस्थापक श्री डीपी साहु २०७९ साल माघ ५ गते आयोजना गरिएको कार्यक्रममा विद्युत् प्रसारण लाइन निर्माणसम्बन्धी बोलपत्र प्रक्रियामा सहभागिताका लागि पूरा गर्नुपर्ने प्राविधिक प्रक्रियाबारे जानकारी दिनुहुँदै ।*



*एमसिए-नेपालका परामर्शदाता डीटी ग्लोबल नेपालका खरिद एजेण्ट व्यवस्थापक श्री लुइस भिल्लाल्टा २०७९ साल माघ ५ गते आयोजना गरिएको कार्यक्रममा खरिद प्रक्रियाका क्रममा पूरा गर्नुपर्ने आवश्यकताहरूबारे जानकारी प्रस्तुत गर्नुहुँदै ।*

# निर्माण सुपरिवेक्षणका लागि परामर्श सेवासम्बन्धी प्रस्ताव प्रस्तुतिपूर्व छलफल



*एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट २०७९ साल फागुन २ गते आयोजना गरिएको विद्युत् प्रसारण लाइन तथा सबस्टेशन निर्माण कार्यको सुपरिवेक्षणका लागि परामर्श सेवा आपूर्तिसम्बन्धी प्रस्ताव प्रस्तुतिपूर्वको छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।*

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत गरिने विद्युत् प्रसारण लाइन तथा सबस्टेशन निर्माण कार्यको सुपरिवेक्षणका लागि परामर्श सेवा आपूर्तिसम्बन्धी प्रस्ताव प्रस्तुतिपूर्वको छलफल कार्यक्रम २०७९ साल फागुन २ गते आयोजना गरेको छ ।

विभिन्न परामर्शदातृ संस्थाका ३३ जना प्रतिनिधिले प्रत्यक्ष तथा ५५ जनाले अनलाइन सहभागिता जनाउनुभएको उक्त कार्यक्रममा उक्त परामर्श सेवाको कार्यक्षेत्रबारे जानकारी प्रस्तुत गरिएको थियो ।

विद्युत् प्रसारण लाइन तथा सबस्टेशन निर्माण कार्यको सुपरिवेक्षणका लागि परामर्श सेवाका लागि योग्य परामर्शदातृ संस्थाबाट प्रस्ताव आह्वान गर्दै २०७९ साल माघ ४ गते सार्वजनिक सूचना जारी गरिएको थियो ।

उक्त कार्यक्रममा एमसिए-नेपालबारे परिचयात्मक जानकारी प्रस्तुत गर्नुका साथै प्रस्ताव आह्वानका प्राविधिक पक्षहरू, वातावरणीय, सामाजिक तथा लैङ्गिक एवं सामाजिक समावेशीकरणसम्बन्धी प्रावधानहरूबारे पनि प्रकाश पारिएको थियो ।

एमसिए-नेपालका प्रसारण लाइन तथा सबस्टेशनसम्बन्धी व्यवस्थापकहरू क्रमशः श्री डीपी साहु तथा श्री सञ्जयकुमार शर्माले प्रसारण लाइन एवं सबस्टेशन आयोजनासम्बन्धी जानकारीहरू तथा कार्यक्षेत्रबारे चर्चा गर्नुका साथै शर्तनामाका प्रमुख पक्षहरूबारे जानकारी गराउनुभएको थियो ।

एमसिए-नेपालका परामर्शदाता डीटी ग्लोबल नेपालका खरिद एजेण्ट व्यवस्थापक श्री लुइस भिल्लाल्टाले खरिद प्रक्रियाका आवश्यकताहरूबारे बताउनुहुँदै प्रस्ताव प्रस्तुत गर्दा हुनसक्ने सामान्य गल्तीहरू हुन नदिनका लागि उपयोगी सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

छलफल कार्यक्रममा सहभागीहरूबाट आएका विभिन्न प्रश्नहरूको उत्तर एमसिए-नेपालका खरिद, सूचना प्रविधि, कानुन तथा वित्त विज्ञसहितको टोलीले दिएको थियो ।



*एमसिए-नेपालका सबस्टेशनसम्बन्धी व्यवस्थापक श्री सञ्जयकुमार शर्मा २०७९ साल फागुन २ गते आयोजना गरिएको विद्युत् प्रसारण लाइन तथा सबस्टेशन निर्माण कार्यको सुपरिवेक्षणका लागि परामर्श सेवा आपूर्तिसम्बन्धी प्रस्ताव प्रस्तुतिपूर्वको छलफल कार्यक्रममा प्रस्तावित सबस्टेशनहरूका विभिन्न पक्षमाथि प्रकाश पार्नुहुँदै ।*

# विद्युत् प्रसारण आयोजना

## जग्गा प्राप्तिसम्बन्धी सूचना जारी गर्नका लागि जिल्लास्तरीय बैठकहरू

एमसिए-नेपालले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ६ अनुसार जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारवाहीको सूचना जारी गर्नुपूर्व विभिन्न आयोजना प्रभावित जिल्लाहरूमा सरोकारवालाहरूसँग बैठक आयोजना गरेको छ ।

उक्त बैठक मकवानपुर जिल्लामा २०७९ साल चैत २ गते, धादिङ्ग जिल्लामा २०७९ साल फागुन १४ गते, पाल्पा जिल्लामा फागुन १२ गते र तनहुँ जिल्लामा फागुन ११ गते आयोजना गरिएको थियो । यसैगरी नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा माघ ५ गते, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा माघ ४ गते र चितवन जिल्लामा साल माघ ३ गते ती बैठक आयोजना गरिएको थियो ।

ती सम्पूर्ण बैठक सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सम्पन्न भएका थिए । ती बैठकका क्रममा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार आवश्यक सूचना जारी गर्ने निर्णय लिइएको थियो ।

उक्त ऐनको दफा ६ का अनुसार प्रारम्भिक कारवाहीका रूपमा जग्गा प्राप्तिसम्बन्धी सम्पूर्ण सूचना सार्वजनिक स्थान, सम्बन्धित जग्गा वा सम्बन्धित गाउँपालिका/नगरपालिका कार्यालयको नजिकै वा प्रभावित सम्पत्तिको ढोका वा साँघ पर्खालमा टाँस्नुपर्दछ ।



*जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारवाहीको सूचना जारी गर्न चितवन जिल्लामा २०७९ साल माघ ३ गते जिल्लास्तरीय बैठक बस्दै ।*



*जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारवाहीको सूचना जारी गर्न नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा २०७९ साल माघ ४ गते जिल्लास्तरीय बैठक बस्दै ।*



*जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारवाहीको सूचना जारी गर्न नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा २०७९ साल माघ ५ गते जिल्लास्तरीय बैठक बस्दै ।*



*जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारवाहीको सूचना जारी गर्न तनहुँ जिल्लामा २०७९ साल फागुन ११ गते जिल्लास्तरीय बैठक बस्दै ।*



*जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारवाहीको सूचना जारी गर्न पाल्पा जिल्लामा २०७९ साल फागुन १२ गते जिल्लास्तरीय बैठक बस्दै ।*



*जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारवाहीको सूचना जारी गर्न धादिङ्ग जिल्लामा २०७९ साल फागुन १४ गते जिल्लास्तरीय बैठक बस्दै ।*



*जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारवाहीको सूचना जारी गर्न मकवानपुर जिल्लामा २०७९ साल चैत २ गते जिल्लास्तरीय बैठक बस्दै ।*

# प्रभावित समुदायहरूसँग अन्तरक्रिया कार्यक्रम

एमसिए-नेपालले प्रस्तावित प्रसारण लाइनबाट स्थानीय सांस्कृतिक सम्पदा तथा वस्तीहरूमा नकारात्मक प्रभाव नपर्ने सुनिश्चित गर्नका लागि मकवानपुर तथा तनहुँ जिल्लाका प्रभावित समुदायहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ ।

निर्माण गर्न लागिएको नयाँ हेटौंडा सबस्टेशन नजिकैको प्रसारण लाइन मार्गबारे छलफल गर्न २०७९ साल फागुन २९ गते मकवानपुर जिल्लाको हेटौंडामा एक आन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । स्थानीय सामुदायिक अगुवाहरू, आयोजनाबाट प्रभावित स्थानीय वासिन्दाहरू तथा एमसिए-नेपालका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त अन्तरक्रिया कार्यक्रममा हेटौंडा उप-महानगरपालिकाको वडा नं. ११ का अध्यक्ष श्रीमती जुना दाहाल तथा सामुदायिक अगुवा श्री कमलचन्द्र सुमनले स्थानीय चासोहरूबारे प्रकाश पार्नुभएको थियो ।

यसैगरी चैत ८ गते जिल्ला प्रशासन कार्यालय, तनहुँमा आयोजना गरिएको कार्यक्रममा घिरिङ्ग गाउँपालिकाको अत्रौलीबाट जाने प्रसारण लाइन मार्गबारे छलफल गरिएको थियो ।

तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री छविलाल रिजालको अध्यक्षतामा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रममा घिरिङ्ग गाउँपालिकाका अध्यक्ष श्री होमबहादुर राना, जिल्ला नापी कार्यालयका प्रमुख, जिल्ला मालपोत कार्यालयका प्रमुख, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी, राजनैतिक अगुवाहरू, आयोजनाबाट प्रभावित अत्रौलीका वासिन्दाहरू तथा एमसिए-नेपालका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



*मकवानपुरमा २०७९ साल फागुन २९ गते सरोकारवालाहरूसँग आयोजना गरिएको अन्तरक्रिया कार्यक्रम ।*



*तनहुँमा २०७९ साल चैत ८ गते आयोजना गरिएको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै घिरिङ्ग गाउँपालिकाका अध्यक्ष श्री होमबहादुर राना ।*


# प्रसारण लाइनमुनि पर्ने जग्गाको स्थलगत सर्वेक्षण

एमसिए-नेपालले सात जिल्लामा प्रसारण लाइनमुनि पर्ने जग्गाको स्थलगत सर्वेक्षण २०७९ साल माघ १७ गतेदेखि चैत १० गतेसम्म गरेको छ ।

उक्त सर्वेक्षण धादिङ्ग, चितवन, मकवानपुर, पाल्पा, तनहुँ, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा गरिएको थियो । ४०० केभी दोहोरो सर्किटयुक्त प्रसारण लाइन निर्माणका लागि जग्गा प्राप्ति गर्न सम्पादन गरिने प्रारम्भिक कारवाहीको एक अंशका रूपमा रहेको उक्त सर्वेक्षण जग्गा प्राप्ति ऐन, २०३४ को दफा ६ अनुसार सूचना प्रकाशन गरिसकेपछि सञ्चालन गरिएको थियो । पाल्पा, धादिङ्ग र मकवानपुर जिल्लामा सर्वेक्षण कार्य जारी रहेको छ ।

नेपाल सरकारका सर्वेक्षकहरूबाट जग्गाको स्थलगत सर्वेक्षण सम्पन्न भएपछि एमसिए-नेपालले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ८ अनुसार प्रारम्भिक प्रतिवेदन तयार गर्नेछ । उक्त प्रतिवेदन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई बुझाएपछि पुनर्वास कार्ययोजनाको अंशका रूपमा आयोजनाबाट प्रभावित व्यक्तिहरूको पहिचान तथा घरधुरी सर्वेक्षण जस्ता कार्यहरू सञ्चालन गरिनेछ ।

स्थानीय कार्यालयमा प्रतिवेदन प्रस्तुत गर्नुपूर्व लक्षित जग्गा अधिग्रहणका लागि उपयुक्त छ वा छैन भन्ने पहिचान गर्नका लागि सूचना प्रकाशन गरिएको १५ दिनभित्र यस्तो सर्वेक्षण सम्पन्न गरिनुपर्ने प्रावधान जग्गा प्राप्ति ऐन, २०३४ को दफा ८ मा उल्लेख गरिएको छ ।




*चितवन जिल्लाको इच्छाकामना गाउँपालिकामा २०७९ साल माघ २२ गते जग्गाको स्थलगत सर्वेक्षण गरिँदै ।*



*धादिङ्ग जिल्लाको बेनिघाट रोराङ्ग गाउँपालिकामा २०७९ साल चैत ६ गते जग्गाको स्थलगत सर्वेक्षण गरिँदै ।*



*चितवन जिल्लाको इच्छाकामना गाउँपालिकाको तोलाङ्गमा २०७९ साल फागुन २ गते जग्गाको स्थलगत सर्वेक्षण गरिँदै ।*

# रुखगणना तथा स्थलगत सर्वेक्षण कार्यको थालनी बैठक

रुखगणना तथा स्थलगत सर्वेक्षण कार्यसम्बन्धी परामर्श सेवाको थालनी बैठक २०७९ साल चैत १३ गते आयोजना गरिएको छ ।

उक्त परामर्श सेवाको उद्देश्य, कार्यक्षेत्र तथा पद्धतिहरूबारे साझा समझदारी स्थापित गर्न, सेवा उपलब्ध गराउने समयतालिका र भुक्तानीको व्यवस्था तथा एमसिए-नेपाल र एमसीसीका मार्गनिर्देशिका अन्तर्गत पालना गर्नुपर्ने अन्य सान्दर्भिक प्रावधानहरूबारे छनोट भएका परामर्शदाताहरूलाई अभिमूखीकरण गर्नका लागि उक्त बैठक आयोजना गरिएको थियो ।

बैठकमा सहभागीहरूलाई स्वागत गर्दै एमसिए-नेपालका उप-कार्यकारी निर्देशक श्रीमती शालिनी त्रिपाठीले रुखगणना कार्यबाट प्रसारण लाइन निर्माणका लागि वन क्षेत्रमा काम गर्न आयोजनालाई सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

एमसिए-नेपालका विभिन्न अधिकारीहरूले उक्त बैठकमा वातावरणीय एवं सामाजिक संरक्षण, लैङ्गिक एवं सामाजिक समावेशीकरण, सञ्चार लगायतका विषयका विविध पक्षमा सहभागीहरूलाई जानकारी गराउनुभएको थियो ।

उक्त कार्यका लागि परामर्श सेवा उपलब्ध गराउनेसम्बन्धमा २०७९ साल फागुन १५ गते नेचरल रिसोर्सेस् एण्ड इन्भारोन्मेण्टल म्यानेजमेण्ट सेण्टर प्रालि र एडीएमसी इञ्जिनियरिङ प्रालिसँगको सहकार्यमा नेस प्रालिसँग सम्झौता भएको थियो। उक्त सम्झौताको कार्यावधि आठ महिनाको रहेको छ ।



*एमसिए-नेपालका उप-कार्यकारी निर्देशक श्रीमती शालिनी त्रिपाठी २०७९ साल चैत १३ गते आयोजना गरिएको रुखगणना तथा स्थलगत सर्वेक्षण कार्यसम्बन्धी परामर्श सेवाको थालनी बैठकमा सहभागीहरूलाई स्वागत गर्नुहुँदै ।*

कार्यक्रममा परामर्शदातृ संस्थाको तर्फबाट तोकिएको कार्य सम्पादन गर्ने कार्यविधिबारे प्रकाश पारिएको थियो ।

छनोट भएका परामर्शदातृ संस्थाले रुखगणनाका लागि प्रसारण टावर निर्माणस्थल, भोगाधिकार क्षेत्र, रुखको टुप्पा र प्रसारण लाइनबीचको दूरी पहिचान एवं क्षेत्र निर्धारण, जिल्ला वन अधिकृतको नेतृत्वमा गरिने रुखगणनाका लागि आवश्यक बन्दोवस्ती व्यवस्थापन, आयोजनाबाट प्रभावित हुने वन उपभोक्ता समितिहरूसँग परामर्श कार्यक्रमहरूको आयोजना तथा सम्बन्धित निकायबाट वनफँडानीका लागि अनुमति प्राप्त गर्न आयोजनालाई सक्षम बनाउनका लागि वन उपभोक्ता समितिहरूबाट सहमतिपत्र प्राप्ति जस्ता कार्यहरू गर्नेछन् ।



*परामर्शदातृ संस्थाको तर्फबाट रुखगणना कार्यका संयोजक श्री रामु सुवेदी २०७९ साल चैत १३ गते आयोजना गरिएको रुखगणना तथा स्थलगत सर्वेक्षण कार्यसम्बन्धी परामर्श सेवाको थालनी बैठकमा जिम्मेवारी सम्पादनसम्बन्धी कार्यविधिबारे प्रकाश पार्नुहुँदै ।*

# वन उपभोक्ता समूहहरूसँग परामर्श कार्यक्रम



धादिङ्ग जिल्लाको गल्छी गाउँपालिका - २ मा २०७९ साल माघ १० गते आयोजना गरिएको परामर्श कार्यक्रम ।



नुवाकोट जिल्लाको तारकेश्वर गाउँपालिका - २ मा २०७९ साल माघ १२ गते आयोजना गरिएको परामर्श कार्यक्रम ।



धादिङ्ग जिल्लाको सिद्धलेक गाउँपालिका - ६ मा २०७९ साल माघ १३ गते आयोजना गरिएको परामर्श कार्यक्रम ।

एमसिए-नेपालले आयोजना प्रभावित जिल्लाहरू धादिङ्ग, नुवाकोट, चितवन, मकवानपुर, पाल्पा, तनहुँ, सिन्धुपाल्चोक, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) तथा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा रहेका विभिन्न सामुदायिक वन उपभोक्ता समूह तथा कबुलियती वन उपभोक्ता समूहसँग परामर्श कार्यक्रम सञ्चालन गरेको छ ।

गएको वर्ष माघदेखि चैतसम्मको अवधिमा ती नौ जिल्लामा ११९ वटा सामुदायिक वन उपभोक्ता समूह र नौ वटा कबुलियती वन उपभोक्ता समूहको सहभागितामा ७६ वटा परामर्श कार्यक्रम आयोजना गरिएको थियो ।

नुवाकोट जिल्लामा २०७९ साल माघ ९ गतेदेखि २५ गतेसम्मको अवधिमा ३६ वटा सामुदायिक वन उपभोक्ता समूहको सहभागितामा १६ वटा कार्यक्रम सञ्चालन गरिएको थियो भने तनहुँ जिल्लामा माघ ९ गतेदेखि २६ गतेसम्मको अवधिमा २१ वटा सामुदायिक वन उपभोक्ता समूहको सहभागितामा १५ वटा कार्यक्रम सञ्चालन गरिएको थियो । यसैगरी धादिङ्ग जिल्लामा माघ ४ गतेदेखि २४ गतेसम्मको अवधिमा २४ वटा सामुदायिक वन उपभोक्ता समूह र एउटा कबुलियती वन उपभोक्ता समूहको सहभागितामा १३ वटा कार्यक्रम, चितवन जिल्लामा माघ २५ र २६ गते गरी छ वटा सामुदायिक वन उपभोक्ता समूहको सहभागितामा दुई वटा कार्यक्रम आयोजना गरिएको थियो ।

यसैगरी मकवानपुर जिल्लामा २०७९ साल फागुन १ गतेदेखि १२ गतेसम्मको अवधिमा १५ वटा सामुदायिक वन उपभोक्ता समूह र एउटा कबुलियती वन उपभोक्ता समूहको सहभागितामा १५ वटा कार्यक्रम, पाल्पा जिल्लामा २०७९ साल फागुन १० गतेदेखि १९ गतेसम्मको अवधिमा १४ वटा सामुदायिक वन उपभोक्ता समूह र एउटा कबुलियती वन उपभोक्ता समूहको सहभागितामा नौ वटा कार्यक्रम आयोजना गरिएको थियो । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा २०७९ साल फागुन ११ गतेदेखि १६ गतेसम्मको अवधिमा छ वटा सामुदायिक वन उपभोक्ता समूहको सहभागितामा चार वटा कार्यक्रम, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा २०७९ साल फागुन १४ गते दुई वटा सामुदायिक वन उपभोक्ता समूहको सहभागितामा एउटा कार्यक्रम र सिन्धुपाल्चोक जिल्लामा २०७९ साल चैत १७ गते एउटा सामुदायिक वन उपभोक्ता समूहको सहभागितामा एउटा कार्यक्रम सञ्चालन गरिएको थियो ।

वन उपभोक्ता समूहहरूलाई वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका निष्कर्षहरूबारे जानकारी दिने तथा रुखगणना तथा पुनर्वास कार्ययोजना तयारी टोली परिचालन गर्नुपूर्व आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्यले ती परामर्श कार्यक्रमहरू आयोजना गरिएका थिए । ती कार्यक्रममा आयोजना प्रभावित प्रत्येक वन उपभोक्ता समूहहरूको अवस्थाबारे छलफल

गरिएको थियो भने नेपाल सरकारका कानुनी व्यवस्था बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन तथा वन पुनःस्थापना गराउन सुझाव दिइएको थियो ।

एमसिए-नेपाल टोलीले परामर्श कार्यक्रममा गरिएका छलफलका आधारमा प्रभावित वन उपभोक्ता समूहहरूमा पर्ने प्रभावबारे थप मूल्याङ्कन गरेर त्यसको अभिलेख राख्नेछ ।

एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गत कार्यान्वयन गर्न लागिएको विद्युत् प्रसारण आयोजनाले गर्ने प्रसारण लाइन तथा सबस्टेशन निर्माणबाट केही राष्ट्रिय वनमा प्रभाव पार्नेछ भने केही हदसम्म रुखकटानी गर्नुपर्नेछ । प्रस्तावित प्रसारण लाइन १२१ वटा सामुदायिक वन तथा आठ वटा कबुलियती वन भएर जानेछ ।



*तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिका - २ मा २०७९ साल माघ १६ गते आयोजना गरिएको परामर्श कार्यक्रम ।*



*नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका - ५ लामाचौरमा २०७९ साल माघ २१ गते आयोजना गरिएको परामर्श कार्यक्रम ।*




*मकवानपुर जिल्लाको कैलाश गाउँपालिका - ५ मा २०७९ साल फागुन ९ गते आयोजना गरिएको परामर्श कार्यक्रम ।*



*मकवानपुर जिल्लाको कैलाश गाउँपालिका - ६ मा २०७९ साल फागुन १० गते आयोजना गरिएको परामर्श कार्यक्रम ।*



*नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल नगरपालिका - २ मा २०७९ साल फागुन १६ गते आयोजना गरिएको परामर्श कार्यक्रम ।*



*पाल्पा जिल्लाको निस्दी गाउँपालिका - ७ मा २०७९ साल फागुन १७ गते आयोजना गरिएको परामर्श कार्यक्रम ।*

# रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम

## पुतली तथा चकटी बनाउने तालिमको समापन

जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत नुवाकोटको रातमाटेमा विगत दुई महिनादेखि सञ्चालन भइरहेको पुतली तथा चकटी बनाउने तालिमको २०७९ साल फागुन २१ गते समापन गरिएको छ ।

उक्त तालिममा सहभागी भई आयोजना प्रभावित नौ जना स्थानीय वासिन्दाले आफ्नो आयस्रोत अभिवृद्धि गर्नका लागि पुतली तथा चकटी बनाउने सीप हासिल गर्नुभएको थियो ।

उक्त कार्यक्रम भौतिक तथा आर्थिक रूपमा विस्थापित मानिसहरूको जीविकोपार्जनमा सुधार आएको सुनिश्चित गर्ने अन्तरराष्ट्रिय मापदण्डमा आधारित एमसिए-नेपालको पुनर्वास कार्ययोजनाको अभिन्न अङ्ग हो ।




*पुतली तथा चकटी बनाउने तालिमका प्रशिक्षार्थीहरू २०७९ साल फागुन २१ गते आयोजना गरिएको प्रशिक्षण समापन कार्यक्रममा ।*

## कृषि स्तरोन्नति तथा पशुपालन तालिम

नुवाकोटको बेलकोटगढी नगरपालिका - ७ को खाल्डेमा २०७९ साल पुस १७ देखि १९ गतेसम्म १६ जना आयोजना प्रभावित व्यक्तिहरूको सहभागितामा व्यावसायिक तरकारी उत्पादन तालिम आयोजना गरिएको थियो । यसैगरी सोही नगरपालिकाको वडा नं. ७ मा पर्ने महादेवफाँटमा पनि सात जना आयोजना प्रभावित व्यक्तिहरूको सहभागितामा २०७९ साल फागुन १६ देखि १९ गतेसम्म उक्त तालिम सञ्चालन गरिएको थियो । उक्त तालिम तरकारी नर्सरी निर्माण, टनेल खेती, ड्रीप सिँचाइ प्रणाली, विभिन्न तरकारी बालीको खेती तथा जैविक मल उत्पादन जस्ता विषयवस्तुमा केन्द्रित रहेको थियो ।

सो तालिमको दोस्रो मोड्युल २०७९ साल चैत १२ गतेदेखि १४ गतेसम्म आठ जना आयोजना प्रभावित व्यक्तिहरूलाई प्रदान गरिएको थियो । यस तालिममा सहभागीहरूलाई बाली संरक्षण गर्ने उपायहरू तथा खेतीका विभिन्न तरिकाबारे ज्ञान तथा सीप प्रदान गरिएको थियो ।

यसैगरी २०७९ साल माघ १६ देखि १८ गतेसम्म बेलकोटगढी नगरपालिका-७ को खाल्डेमा १२ जना आयोजना प्रभावित व्यक्तिहरूलाई व्यावसायिक तरकारी खेती तालिम प्रदान गरियो । उक्त तालिममा सहभागीहरूलाई तरकारी टिप्ने उपयुक्त समय, तरकारी टिपेपछिको सरसफाइ, पृथकीकरण, मुठ्ठा पार्ने, यातायातका साधन, बजारमा आपूर्ति गर्दा ध्यान पुऱ्याउनुपर्ने कुराहरू तथा व्यापारीसँग सौदाबाजी गर्ने तरिकाहरू जस्ता विषयमा जानकारी दिइएको थियो ।

बेलकोटगढी नगरपालिका-७ को खाल्डेमा २२ जना आयोजना प्रभावित व्यक्तिहरूलाई व्यावसायिक बाखापालन तालिम २०७९ साल पुस २७ देखि २९ गतेसम्म दिइएको थियो । सहभागीहरूलाई चारा व्यवस्थापन, रोग नियन्त्रण विधिहरू, गोठ व्यवस्थापन तथा निर्मलीकरणको महत्व जस्ता विषयमा प्रशिक्षित गरिएको थियो । सो तालिम २०७९ साल माघ ९ गतेदेखि ११ गतेसम्म आयोजना प्रभावित आठ जना व्यक्तिको अर्को समूहलाई पनि प्रदान गरिएको थियो ।

यसका अतिरिक्त बेलकोटगढी नगरपालिका - ७ को महादेवफाँटमा १६ जना आयोजना प्रभावित व्यक्तिहरूलाई व्यावसायिक कुखुरापालन तालिम २०७९ साल फागुन ११ गतेदेखि १३ गतेसम्म प्रदान गरियो । उक्त तालिमका क्रममा प्रशिक्षार्थीहरूलाई कुखुराका नस्लहरू एवं तिनीहरूको व्यवस्थापन, कुखुराको खोर बनाउने विधिहरू, कुखुराको दाना व्यवस्थापन, प्रमुख रोगहरूको नियन्त्रण एवं रोकथाम तथा उद्यम विकाससम्बन्धी ज्ञान एवं सीप प्रदान गरिएको थियो ।

## व्यावसायिक तालिम

गएको फागुन र चैत महिनामा आयोजना प्रभावित व्यक्तिहरूको छनोटका आधारमा मिठाइ र खाजा बनाउने, विद्युत् मर्मत, प्लम्बिङ, सिलाइ कटाइ, गाडी मर्मत, श्रृङ्गारपटार, ढाका बुनाइ, बारिस्टा, खाना पकाउने, सवारी चलाउने तथा हेभि इक्विप्मेण्ट (जेसीबी) चलाउने तालिमहरू पनि सञ्चालन गरिएको थियो ।

आयोजना प्रभावित १९ जना व्यक्तिका लागि कम्प्युटर तालिम काठमाडौँमा फागुन ७ गते र नुवाकोटमा फागुन ८ गतेदेखि सञ्चालन गरिएको छ ।



*भक्तपुरमा २०७९ साल माघ २२ गतेदेखि शुरु गरिएको जेसीबी चलाउने तालिम ।*

## प्रशिक्षार्थीहरूलाई अतिरिक्त सहयोग

जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत ढोडेनीपुल र नन्दुटारका चार जना प्रशिक्षार्थीलाई सिँचाइका लागि पानी ट्याङ्की प्रदान गरिएको थियो भने खाल्डे, नन्दुटार, रामटार, धनसार, माङ्केडाँडा, महादेवफाँट र ढोडेनीपुलका ३३ जना प्रशिक्षार्थीलाई बीउ, स्प्रेयर, जैविक कीटनाशक, भिटामिन आदि उपलब्ध गराइएको थियो ।

खाल्डे, नन्दुटार, रामटार, धनसार, माङ्केडाँडा, महादेवफाँट र ढोडेनीपुलका ३९ जना प्रशिक्षार्थीलाई आयव्ययसम्बन्धी हिसाब राख्न स्थलगत अनुगमन गरी नियमित रूपमा प्राविधिक सहयोग प्रदान गरिँदैछ ।

एमसिए-नेपालले जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत व्यावसायिक खेती तालिमका सहभागीहरूलाई अतिरिक्त सहयोग पनि उपलब्ध गराइरहेको छ ।

बेलकोटगढी नगरपालिकाको धनसार, राई टोल, माङ्केडाँडा, अलखोल्वी तथा महादेवफाँटका सात जना प्रशिक्षार्थीलाई प्लास्टिक टनेल उपलब्ध गराइएको थियो भने महादेवफाँट, माङ्केडाँडा र न्यौपानेटारका छ जनालाई बाख्राको खोर बनाउन सहयोग गरिएको थियो ।



प्रशिक्षार्थीहरूका लागि अतिरिक्त सहयोगका रूपमा बाख्राको खोर तयार गरिँदै ।



## प्रौढ साक्षरता कक्षा

नुवाकोटको बेलकोटगढी नगर पालिकाको धनसार, महादेवफाँट, चन्द्रेटार र हाँडीखोलामा २०७९ साल फागुन ६ गतेदेखि आयोजनाबाट प्रभावित २२ जनाका लागि प्रौढ साक्षरता कक्षा सञ्चालन भइरहेको छ ।

उक्त अनौपचारिक कक्षाले सहभागीहरूलाई दैनिक जीवनका लागि उपयोगी आधारभूत तहको शिक्षा र सीप प्रदान गर्दैछ ।





आयोजनाबाट प्रभावित व्यक्तिहरू प्रौढ कक्षामा सहभागी हुनुहुँदै ।

# सडक मर्मत आयोजना

## एफडीआर र सुपरपेभ प्रयोगशाला उपकरणसम्बन्धी प्रशिक्षण




*प्रशिक्षक श्री मौरिसियो भोल्केन प्रशिक्षणका क्रममा २०७९ साल फागुन ९ गते विद्युतीय पेट्रोमिटरबारे प्रशिक्षार्थीहरूलाई जानकारी दिनुहुँदै ।*

एमसिए-नेपाल र सडक विभागद्वारा संयुक्त रूपमा फूल डेप्थ रिक्लेमेशन (एफडीआर) र सुपेरियर पर्फमिङ आस्फाल्ट पेभमेण्ट्स (सुपरपेभ) सम्बन्धी प्रयोगशाला उपकरणको जडान तथा सञ्चालनसम्बन्धी दुई साता लामो प्रशिक्षण आयोजना गरिएको छ ।

उक्त प्रशिक्षण २०७९ साल फागुन ८ देखि १९ गतेसम्म सञ्चालन गरिएको थियो ।

प्रशिक्षणका क्रममा सडक विभागका छ जना इञ्जिनियर एवं सहायक इञ्जिनियर, इञ्जिनियरिङ अध्ययन संस्थानको यातायात इञ्जिनियरिङ सङ्कायका चार जना सह-प्राध्यापक तथा एमसिए-नेपालका दुई जना कर्मचारीलाई पेभमेण्ट पुन:प्रयोग कार्य कार्यान्वयनका क्रममा उक्त उपकरण जडान, प्रयोग, सञ्चालन, कार्यविधि एवं आवश्यकताहरू, प्रयोगका लागि प्रारम्भिक एवं नियमित मापदण्डसम्बन्धी ज्ञान तथा सीप प्रदान गरिएको थियो ।

उक्त उपकरण सडक विभागमा रहेका प्रयोगशालाको नियमित सञ्चालनका क्रममा तथा सडक मर्मतको निर्माण चरणमा प्रयोग गरिनेछ ।

अमेरिकन सोसाइटी फर टेष्टिङ एण्ड म्याटेरियल्स (एएसटीएम) र अमेरिकन एसोसियसन अफ स्टेट हाइवे एण्ड ट्रान्स्पोर्टेसन अफिसियल्स (एएएसएचटीओ) को मापदण्ड अनुसार सञ्चालन गरिएको उक्त प्रशिक्षण सडक मर्मत आयोजना अन्तर्गत सडक विभागलाई प्रदान गरिएको प्राविधिक सहायताको एक अंश हो ।



*एमसिए-नेपालका उप-कार्यकारी निर्देशक श्री महेश आचार्य २०७९ साल फागुन ८ गते प्रशिक्षणको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै ।*



*सडक विभागको विकास सहयोग तथा कार्यान्वयन महाशाखाका उप-महानिर्देशक डा. विजय जैसी २०७९ साल फागुन ८ गते प्रशिक्षणको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै ।*

## एफडब्लुडी उपकरण प्रयोग गरी तथ्याङ्क सङ्कलन

एमसिए-नेपालले सडक विभागसँगको सहकार्यमा फलिङ वेट डिफ्लेक्टोमिटर (एफडब्लूडी) उपकरण प्रयोग गरी चार वटा प्रमुख सडक खण्डको डिफ्लेक्सनसम्बन्धी तथ्याङ्क सङ्कलन कार्य २०७९ साल चैत २७ गते सम्पन्न गरेको छ ।

उक्त तथ्याङ्क सङ्कलन कार्य चितवन जिल्लामा पर्ने नारायणगढ - मुग्लिन सडक खण्डबाट शुरु गरिएको थियो ।

तथ्याङ्क सङ्कलन कार्य नारायणगढ - मुग्लिन, कञ्चनपुर - नादाहा, धरान - धनकुटा हिले तथा धानखोला - लमही सडक खण्डमा गरिएको थियो ।

सङ्कलित तथ्याङ्क सडक मर्मतका क्रममा सडक खण्डको प्राथमिकीकरणका लागि प्रयोग गरिनेछ ।

पेभमेण्ट तथा पेभमेण्टको तहको कडापन मापन गर्न प्रयोग गरिने उपकरण एफडब्लूडी एमसीसी नेपाल कम्प्याक्टको सडक मर्मत आयोजना अन्तर्गत नेपालमा पहिलो पटक प्रयोग गरिएको हो ।




*एफडब्लूडी उपकरण प्रयोग गरी सप्तरी जिल्लाको नादाहामा २०७९ साल चैत १५ गते सडकको डिफ्लेक्सन मापदन गरिँदै ।*



*एफडब्लूडी उपकरण प्रयोग गरी सप्तरी जिल्लाको कञ्चनपुरमा २०७९ साल चैत १५ गते सडकको डिफ्लेक्सन मापदन गरिँदै ।*

# एमसीसी नेपाल कम्प्याक्ट तथ्यहरू

## प्रसारण लाइन : विद्युतीय एवं चुम्बकीय क्षेत्र र स्वास्थ्यमा यसको प्रभाव

'विद्युतीय एवं चुम्बकीय क्षेत्र' (ईएमएफ) भनेको विद्युतीय सामग्री (उदाहरणका लागि, प्रसारण लाइन तथा विद्युतीय उपकरण) बाट यसको वरिपरि उत्सर्जित ऊर्जाको प्रभाव क्षेत्र हो । चुम्बकीय क्षेत्र विद्युतीय करेण्टको प्रवाहबाट सिर्जना हुन्छ र करेण्टको परि माणमा हुने वृद्धिसँगसँगै यसको शक्तिमा पनि वृद्धि हुन्छ ।

विद्युतीय एवं चुम्बकीय क्षेत्रसँग सम्पर्कका कारण स्वास्थ्यमा पर्नसक्ने सम्भावित प्रभावसम्बन्धमा सर्वसाधारणबीच चासो भएपनि प्रसारण लाइनबाट सिर्जना हुने विशिष्ट विद्युतीय एवं चुम्बकीय क्षेत्रसँगको सम्पर्कका कारण स्वास्थ्यमा नकारात्मक प्रभाव परेको कुरा कुनै पनि अनुसन्धानले देखाएको छैन । विश्वमा विगत ३० वर्षभन्दा बढी समयदेखि विद्युतीय एवं चुम्बकीय क्षेत्रबाट मानवीय स्वास्थ्यमा पर्ने प्रभावबारे अध्ययन हुँदै आएको छ ।

विश्व स्वास्थ्य सङ्गठनसहित विश्वका कैयौं विशेषज्ञ समूहहरूबाट समीक्षा गरिएका अनुसन्धान निष्कर्षहरूका अनुसार विद्युतीय एवं चुम्बकीय क्षेत्रसँगको सम्पर्कका कारण कुनै रोग लाग्ने वा स्वास्थ्यसम्बन्धी अन्य कुनै प्रभाव पर्दैन ।



यसो भएपनि त्यस्तो सम्पर्कलाई न्यूनीकरण गर्नका लागि सामान्य उपाय अपनाउन सकिने सुझाव विशेषज्ञहरूले दिएका छन् ।

एमसिए-नेपालले गरेको मूल्याङ्कन अनुसार भोगाधिकार क्षेत्रको छेउमा विद्युतीय एवं चुम्बकीय क्षेत्र विश्व स्वास्थ्य सङ्गठनले सिफारिश गरेको मापदण्डको तुलनामा आधाभन्दा कम मात्र हुन्छ । यसको अर्थ भोगाधिकार क्षेत्रसँगसँगै बसोबास गर्नु र काम गर्नु वा खेती गर्नु असुरक्षित हुँदैन ।

एमसिए-नेपालले अन्तरराष्ट्रिय वैज्ञानिक निकाय गैरआयनीकरण विकिरण सुरक्षासम्बन्धी अन्तरराष्ट्रिय आयोग (आईसीएनआईपीआर) को मार्गनिर्देशिका पालना गर्दै मध्यरेखाबाट दुवैपट्टि २३/२३ मिटर भोगाधिकार क्षेत्र प्राप्त गर्नेछ । आवास, विद्यालय, स्वास्थ्य चौकी भएका वा अन्य सांस्कृतिक महत्वका जग्गालाई प्रयोग गरिने छैन । आयोजनाले भोगाधिकार क्षेत्रमा कोही नबसेको पनि सुनिश्चित गर्नुका साथै त्यहाँ नयाँ घर वा अन्य संरचना निर्माण गर्नमा प्रतिबन्ध लगाउनेछ । भोगाधिकार क्षेत्रमा बसोबास गर्दै आएका व्यक्तिहरूलाई स्थानान्तरण हुनका लागि अन्तरराष्ट्रिय मापदण्ड तथा अभ्यासका आधारमा क्षतिपूर्ति उपलब्ध गराइनेछ ।

# सामुदायिक आवाज

## ममताको यात्रा : गृहस्थीदेखि व्यवसायीसम्म



*श्रीमती ममता लामा आफ्नै घरमा पुतली बनाउनुहुँदै ।*



*बजारमा प्रदर्शन गरी राखिएका श्रीमती ममता लामाले बनाउनुभएको पुतली तथा कुसनहरू ।*

तेईस वर्षीया श्रीमती ममता लामाको अधिकांश समय आफ्नी दुई वर्षीया छोरी एवं परिवारका अन्य सदस्यको स्याहारसुसार गर्दै घरधन्दामै बित्ने गर्थ्यो । नुवाकोटको बेलकोटगढी नगरपालिकास्थित रातमाटेमा उनको परिवारको १.७ रोपनी जग्गा थियो । अहिले उक्त जग्गा एमसिए-नेपालले आफ्नो विद्युत् प्रसारण आयोजना अन्तर्गत रातमाटे विद्युत् सबस्टेशन बनाउनका लागि अधिग्रहण गरिसकेको छ । जग्गा प्राप्ति ऐन, २०३४ अनुसार एमसिए-नेपालले दिएको मुआब्जा रकम बुझेको केही समयमै उनको परिवार अन्यत्र सर्नुपर्‍यो ।

यसैबीच आयोजना प्रभावित व्यक्तिहरूका लागि एमसिए-नेपालले तयार गरेको पुनर्वास कार्ययोजनाको एक अंशका रूपमा जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सामाजिक तथा आर्थिक रूपमा विस्थापित व्यक्तिहरूको जीविकोपार्जन तथा आयस्रोत पुनःस्थापना गर्नका लागि कार्यान्वयन गर्न थालिएको थियो । उक्त कार्यक्रमको उद्देश्य हासिल गर्नका लागि आयोजना प्रभावित व्यक्तिहरूले चाहेको किसिमको प्रशिक्षण पहिचान गर्नका लागि उक्त कार्यक्रम अन्तर्गत घरदैलो सर्वेक्षण पनि गरिएको थियो ।

श्रीमती ममता पनि पुतली तथा चकटी बनाउने तालिम छनोट गरेर उक्त कार्यक्रममा सहभागी हुनुभयो ।

"पुतली तथा चकटी बनाउने तालिममा सहभागी हुने अवसरमा मैले मेरो सीप अभिवृद्धि गर्नुका साथै मेरो आयवृद्धि गर्ने आशाको किरण देखेँ", उहाँले भन्नुभयो, "यो तालिम लिएपछि आफ्नो अनुकूल समयमा घरमै बसी सानो लगानीमै पनि आफ्नै व्यवसाय सञ्चालन गर्नसक्ने सम्भावना देखेँ । त्यसैले मैले यही तालिम रोजेँ ।"

उक्त प्रशिक्षण सफलतापूर्वक पूरा गरेपछि र अतिरिक्त सहयोग पनि पाएपछि श्रीमती ममताले केही कच्चा पदार्थ किन्नुभयो र आफैले पुतली र चकटी बनाउन थाल्नुभयो ।

स्थानीय बजारमा आफ्नो उत्पादन बिक्री गरेर उहाँले करिब दुई हजार रूपैयाँ कमाइसक्नुभएको छ । उहाँ आफ्नो प्रगतिमा खुशी हुनुहुन्छ र आफ्नो व्यवसायलाई अझ विस्तार गर्ने निर्क्योलमा पुगिसक्नुभएको छ । उहाँले भन्नुभयो, "तालिमबाट सिकेको सीपबाट सामग्रीहरू उत्पादन गरी व्यवसायी बन्नका लागि मैले बजारको अध्ययन पनि गरिसकेको छु ।"

आफ्ना दुई जना साथीलाई लिएर उहाँ सम्भावित ग्राहकहरूकहाँ गई करिब १५० वटा साना भालु पुतलीको अर्डर लिइसक्नुभएको छ । उहाँ साथीहरूसँग मिलेर उक्त अर्डर पूरा गर्नका लागि पुतली बनाउँदै हुनुहुन्छ ।

श्रीमती लामा आफूले गरेको प्रगतिका कारण रोमाञ्चित हुनुहुन्छ र आफ्नो व्यवसायलाई अझ उकास्न चाहनुहुन्छ । उहाँले आफ्नो कमाइ आफ्नो व्यवसायलाई विस्तार गर्नमै लगानी गर्ने योजना बनाउनुभएको छ । उहाँले थप्नुभयो, "यस कार्यमा थप अनुभवी भएपछि भविष्यमा मैले यो सीप अरुलाई पनि दिन पाएँ भने मलाई खुशी लाग्नेछ ।"

श्रीमती ममता आफूलाई नयाँ सीप सिकाएर व्यवसायी बन्ने अवसर प्रदान गरेकोमा एमसिए-नेपालप्रति निकै आभारी हुनुहुन्छ ।

श्रीमती ममताका अतिरिक्त आयोजनाबाट प्रभावित अन्य आठ जना महिलाले पनि पुतली तथा चकटी बनाउने तालिम लिनुभएको छ ।

प्रशिक्षित सबै महिला अहिले श्रीमती ममताले जस्तै व्यवसाय सञ्चालन गर्ने सम्भावनाको खोजीमा हुनुहुन्छ । जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको टोलीले उहाँहरूलाई व्यवसाय सञ्चालन गर्नका लागि नियमित रूपमा सहयोग गर्दैछ ।


**सम्पर्कका लागि**

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति परिसर, दरवार मार्ग, काठमाडौं, नेपाल

+९७७-१-४५४०९५१ | info@mcanp.org | www.mcanp.org


***विद्युत् तथा सडकमा सहज पहुँचमार्फत आर्थिक विकास***